# दक्षिणकाली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### फर्पिङ, काठमाडौं
### बागमती प्रदेश, नेपाल

प.सं.: २०८०/०८१

च.नं.:

मितिः- २०८१/०३/०५

## सामाजिक सुरक्षा भत्ता सम्बन्धि अत्यन्तै जरुरी सूचना

प्रस्तुत विषयमा राष्ट्रिय परिचयपत्र तथा पंजिकरण विभागको च.नं. ३८५ मिति २०८१/१/२४ गतेको प्राप्त पत्रानुसार विभागको मिति २०८१/१/१७ गतेको निर्णयानुसार विभागले सामाजिक सुरक्षा भत्ता लाभग्राहीहरुको नविकरण तथा नयाँ निवेदन दर्ता गर्दा राष्ट्रिय परिचयपत्र नम्बर (NIN) अनिवार्य गर्ने निर्णय भएको र सो नियम यस दक्षिणकाली नगरपालिकामा समेत मिति २०८१ श्रावण १ गते बाट लागु हुने भएको हुँदा यस नगरपालिकाबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरु (जेष्ठ नागरिक (अन्य/दलित, जेष्ठ एकल महिला, विधवा, आंशिक अपाङ्ग, पूर्ण अपाङ्ग, दलित बालबालिका)ले आगामी आ.ब. ०८१/०८२ को लागि भत्ता नविकरण गर्न राष्ट्रिय परिचयपत्र नम्बर (NIN) अनिवार्य MIS System मा Entry गर्नु पर्ने अन्यथा सामाजिक सुरक्षा भत्ता नविकरण नहुने भएको हुँदा सबै लाभग्राहीहरुले मिति २०८१/३/२० गते भित्र आ-आफ्नो राष्ट्रिय परिचयपत्र नम्बर (NIN) सम्बन्धित वडा कार्यालयमा बुझाउनु हुन अनुरोध गरिन्छ । साथै हालसम्म राष्ट्रिय परिचयपत्र नम्बर (NIN) नलिएका लाभग्राहीहरुले छिटो भन्दा छिटो राष्ट्रिय परिचयपत्र नम्बर (NIN) लिई सम्बन्धित वडा कार्यालयमा बुझाउनु हुन समेत अनुरोध गरिन्छ अन्यथा राष्ट्रिय परिचयपत्र नम्बर (NIN) नबुझाउने लाभग्राहीहरुको भत्ता नविकरण नहुने तथा नयाँ भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले भत्ता प्राप्त गर्न नसक्ने व्यहोरा समेत सबैमा जानकारी जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

..............................

(रोशन ज्ञवाली)

प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार

# गृह मन्त्रालय

## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९९९९९

पत्र संख्या :- ०८०/८१
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- ३८५

सिंहदरवार,
काठमाडौं, नेपाल

सामाजिक सुरक्षा शाखा

मिति : २०८१/०१/२४
ने.सं. ११४४ चौलागा १३

श्री स्थानीय तहहरु सबै (७५३),
श्री वडा कार्यालयहरु सबै (६७४३)।

श्री प्रशासकीय अधिकृत ... आवश्यक कार्यका लागि ...

विषय:- Biometric Verification अनिवार्य गर्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा यस विभागको मिति २०८१/०१/१७ को निर्णयानुसार संलग्न बमोजिमका स्थानीय तहमा चरणवद्ध रुपमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको नवीकरण तथा नयाँ निवेदन दर्ता गर्दा राष्ट्रिय परिचयपत्रमा आधारित Biometric Verification अनिवार्य गरिने भएकोले सोको लागि आवश्यक पर्ने देहायका कार्यहरु गर्न गराउन आवश्यक व्यवस्था मिलाउनुहुन अनुरोध छ ।

देहाय:

१.सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य लाभग्राहीको राष्ट्रिय परिचय नम्बर प्राप्त गरी नसकेको भएं नजिकको Enrollment Station मा गई Enrollment गर्न आवश्यक सहजिकरण तथा जानकारी गर्नु गराउनुहुन ।

२.राष्ट्रिय परिचय पत्र Enrollment भएका तर राष्ट्रिय परिचय नम्वर (NIN ) प्राप्त नभएका लाभग्राही भएमा सेवा इकाईबाट http://citizenportal.donidcr.gov.np/CitizenPortal/ लिङ्कमार्फत नम्बर प्राप्त गर्न सहजिकरण गर्ने व्यवस्था मिलाउनुहुन।

३.दोस्रो चरण मिति २०८१/१०/०१ गते देखि Biometric Verification अनिवार्य गरिएका स्थानीय तहले विभागले उपलब्ध गराउने नमूना Specification अनुसार Biometric Scanner Device व्यवस्थापन गर्नुहुन।

बोधार्थ:

श्री गृह मन्त्रालय, सिंहदरबार, काठमाण्डौ ।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौ ।

श्री जिल्ला प्रशासन कार्यालय सबै – सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य लाभग्राहीलाई प्राथमिकतामा राखी Enrollment गर्ने व्यवस्था मिलाउनुहुन।

श्री इलाका प्रशासन कार्यालय सम्वन्धित सबै - सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य लाभग्राहीलाई प्राथमिकतामा राखी Enrollment गर्ने व्यवस्था मिलाउनुहुन।

(जुना खड्का खत्री)
शाखा अधिकृत

Email : info@donidcr.gov.np, nid@donidcr.gov.np, ss@donidcr.gov.np, vital@donidcr.gov.np
account@donidcr.gov.np, Website : www.donidcr@gov.np